# नेपालमा जनसंख्या बृद्धि र सामाजिक विकासः एक अध्ययन

डा. गोपीकृष्ण पाण्डे *

Received: April 28, 2022 Accepted: May 15, 2022 Published: December 24, 2022


## लेखसार

प्रस्तुत लेखकले नेपालमा जनसंख्या बृद्धिलाई सामाजिक विकाससँग जोडेर अध्ययान गर्ने प्रयास गरेको पाईन्छ । धेरै जनसंख्या बृद्धि आर्थिक विकासको बाधा हो । जनसंख्या बृद्धिले गर्दा राज्यलाई रोजगारीको अवस्था, साक्षरताको बृद्धि एंव सामाजिक पूर्वाधारका तथ्यहरूको पूर्ति गर्न गाह्रो पर्न जान्छ । धेरै बजेटको जोहो गर्न आवश्यक पर्छ । विकास एउटा सकारात्मक संरचनात्मक परिवर्तन रूप हो । त्यसैले सयुक्त राष्ट्र संघको वडा पत्र अनुसार विकासले मानिसको भौतिक संरचनासँग मात्र होइन सामाजिक, संस्कृतिक तथा संस्थागत बृद्धि पनि हो यो अध्ययान विशेष गरेर वर्णात्मक एंव द्धितीयक तथ्याङ्कमा आधारित छ । यसमा जनसंख्या बृद्धिको स्थितिलाई प्राप्ति गर्नको लागि सन् १९५२/०५४ देखि सन् २०२१ को प्रारम्भिक जनगणना एवं सर्वेक्षणलाई आधार बनाइएको छ । साथै सामाजिक विकासका आधारहरू प्राप्त गर्न पलश प्रतिवेदन, पपुलेशन, मोनोग्राफ आदि मुख्य छन् । यस अध्ययानमा जनसंख्या स्थिति, भौगोलिक एवं क्षेत्रिय वितरणको संघर्षमा गरिएको छ । यस अनुसन्धानमा जनसंख्या बृद्धिले नेपालमा खाद्ययानको कमि हुनुको सन्र्दभमा पनि जोडेर अध्ययान गरिएको छ । सरकारले यि विकासका समस्याहरूलाई संम्बोधन कसरी गरिरहेको छ त्यो कुरा बहसको विषय बन्न सक्छ । जनसंख्या बृद्धिले कृषि योग्य जमिन खण्डीकरण हुदै भवन बस्ती एवं उद्योगहरूको स्थापनाले गर्दा कृष्कहरूको मौसमी रोजगार घट्दै जाने र कृषि उत्पादन पनि कम भईरएको छ । वर्तमान समयमा देशमा के कसरी जनसंख्या बृद्धि कुन कुन प्रदेश एवं भौगोलिक क्षेत्रमा भइरहेको छ । सोहि अनुसार सामाजिक विकासका आधारभूत तत्वहरू जनतासामु कति पुगेका छन् भनेर जान्नको लागि पनि यो लेखबाट सहयोग पुग्ने अपेक्षा राखिएको छ ।


सुत्र शब्द : जनसंख्या बृद्धि, सामाजिक विकास, भौगोलिक क्षेत्र, जनघनत्व, शिक्षा, स्वास्थय एंव सरसफाई ।

**नेपालमा जनसंख्या बृद्धि र सामाजिक विकासः एक अध्ययन**

## १ परिचय

वर्तमान समयमा आएर विश्वका विभिन्न देशहरू चाहे विकसित होउन अल्पविकसित एवं विकाशोन्मुख जुनसुकै भएतापनि जनसंख्या बृद्धिको समस्याबाट ग्रसित भइरहेको पाइन्छ । विश्वका विभिन्न अल्प विकसित मुलुकहरूमध्ये हाम्रो देश नेपालका लागि एउटा गम्भिर चुनौतिको मुद्धा बन्न जान्छ । जनसंख्याको द्रुततर एवं अनियन्त्रित बृद्धि हुदै जाँदा एउटा राष्ट्रलाई मात्र समस्या पार्ने नभई यसले आसपासका छिमेकी देशहरूमा समेत प्रभाव पार्छ । यसको साथै शान्ति समृद्धी खाद्यान्न देशको हरेक क्षेत्रको विकासमा समेत प्रभाव पर्छ । धेरै जनसंख्या वृद्धि आर्थिक विकासको बाधा हो । आर्थिक विकास र अनियन्त्रित जनसंख्या बृद्धि सन्तुलनको अवस्थामा नभएको परिस्थितिमा वर्तमान विश्वको

* सह प्राध्यापक, भुगोल विभाग, पद्मकन्या बहुमुखी क्याम्पस | Email: pandeygk2000@gmail.com

धेरै जसो समुदायमा विकासका आकांक्षा र प्रयासहरू शिथिल हुदै जान थाल्छन । जनसंख्या बृद्धिले गर्दा यहाँको सरकारले रोजगारीको अवस्था, साक्षरताको बृद्धि, एवं अन्य सामाजिक पूर्वाधारका तथ्यहरूको पूर्ति गर्न गाह्रो पर्न जान्छ । जसले गर्दा देशको विकासमा बाधा पुग्छ । धेरै बजेटको जोहो गर्न आवश्यक पर्छ । साथै यसले समाजमा कयौं किसिमका विकृतिहरू पनि ल्याउने गर्छ ।

विकास एउटा सकरात्मक संरचनागत परिवर्तित रूप हो । सामान्यतया विकासलाई मानिसको आर्थिक तथा सामाजिक पक्षमा भएको उन्नति, प्रगति, परिवर्तन र रूपान्तरणका रूपमा लिने गरिन्छ । विकास मानिस र समाजका लागि अति आवश्यक देखिन्छ । त्यसकारण यसलाई जनसंख्या बृद्धिले प्रभाव पाइरहेको हुन्छ । त्यसैले संयुक्त राष्ट्रसघंको वडापत्र अनुसार विकासले मानिसको भौतिक संरचनासँग मात्र नभई सामाजिक अवस्थाको सुधार सम्बन्धि तथ्यहरूसँग पनि सरोकार राख्दछ । तसर्थ विकास भनेको आर्थिक विकास मात्र होइन सामाजिक, सांस्कृति तथा संस्थागत बृद्धि पनि हो । वर्तमान अवस्थामा उपलब्ध स्रोत र साधनको परिचालन र सदुपयोग गरेर, रोजगारी, आय, उपयोगको वृद्धि गरि, शिक्षा स्वास्थ्य, खानेपानी, विद्युत सिचाई सडक एवं शान्ति सुरक्षामा समेत सुधार ल्याई गरिवी निवारण गर्नु नै विकास हो । यसमा जनसंख्याको बृद्धि, घनत्व, जनसंख्या र शिक्षा, स्वास्थ्य आदिको विचमा सम्बन्ध रहन्छ । भविस्यमा नेपालका कुन जिल्ला, प्रदेश, एवं नगरपालिकाहरूमा जनसंख्याको अवस्था एवं अनुपात कस्तो हुदै अगाडि बढ्छ सो को प्रक्षेपण गरि दिर्घकालिन योजना बनाउन जरूरी हुन्छ । त्यसैले वेलैमा हामीहरूले बुझ्नु जरूरी हुन्छ । एक जना विद्धान अर्थशास्त्रीले यस सम्बन्धमा भनेका छन् किः

"The process of economic development involves the utilization of physical resources of nation by the labour force of a country, so that productive potential in a country is realized. In this effort of development there is no doubt that the labour force of the country makes a positive contribution, but it is equally true that rapidly growing population retards the process of development. The impact of rising population as a drag on economic resources are felt in a variety of ways.

वर्तमान समयमा आएर मात्र जनसंख्याको समस्याको बारेमा चर्चा गरिएको होइन यो त प्राचीन समयबाट नै चिन्तन मनन एवं अनुसन्धान हुदै आएको बिषय हो । जर्मन अर्थशास्त्री सिसमिल्क (Sissmilch) ले देशको आर्थिक एवं राजनैतिक शक्तिको लागि जनसंख्याको बृद्धिदरलाई मनासिव ठहराएका थिए । थोमस रोवर्ट माल्थस भन्दा अगाडिका अर्थशास्त्रीहरूले जनसंख्या बृद्धिलाई देशको विकासको सन्दर्भमा उचित मानेको पाइन्छ । जनसंख्या समस्यालाई आर्थिक दृष्टिले नियाल्ने प्रथम व्यक्ति माल्थस नै हुन् । यिनले बेलायतको जनसंख्या बृद्धिलाई हेरेर भनेका थिए ।"By nature human food increase in a slow arithmetical ratio, man himself, increases in which geometrical ratio, unless wants and vice stop him the perpetual struggle for room and food."

माल्थसको जनसंख्या सिद्धान्त पछाडि कैनन, कार सेन्डर्स, डाल्टन, रोविन्स आदिद्धारा प्रतिपादित

"अनुकूलतम जनसंख्या सिद्धान्त" र अमेरिकाका प्रसिद्ध जीवशात्री रेमाण्डपार्लले जैविक सिद्धान्त The biological theory of population) प्रतिपादन गरेका छन् यो सिद्धान्त The logistic curve को नामले प्रसिद्ध छ । यस्तै तथ्यांङशास्त्री कु जिरकिद्धारा प्रतिपादित शुद्ध उत्पादन दरको सिद्धान्त Theory of net production rate पनि प्रख्यात छ ।

विश्वको जनसंख्याको ऐतिहासिक पृष्ठभूमिलाई अवलोकन गर्दा ई.सं. को सुरूवातमा विश्वको कुन जनसंख्या जम्मा २५६ मिलियन रहेको थियो । सन् १६५० मा विश्वको जनसंख्यामा बृद्धि भई ५० करोड पुग्न गयो । यसरी जनसंख्या दोब्बर हुन । १६५० बर्ष लागेको पाइन्छ । सन् १६५० मा विश्वको जनसंख्याको बाषिर्क बृद्धिदर०-१ प्रतिशत रहेको थियो । सन् १८३० मा आएर विश्वको जनसंख्या १ अरब पुगेको थियो । यसरी दोस्रो पटक विश्वको जनसंख्या दोब्बर हुन झण्डै १८० बर्ष लागेको थियो । सन् १९३० मा विश्वको जनसंख्या २ अरब पुगेको थियो र १ अरब जनसंख्या थपिन १०० बर्ष लागेको पाइन्छ । सन् १९८७ मा विश्वको जनसंख्या ५ अरब पुगेको देखिन्छ । त्यो एक अरब जनसंख्या थपिन करिव १२ बर्ष लागेको थियो ।

स्न १९९९मा विश्वको जनसंख्या ६ अरब पुग्न जम्मा १२ बर्ष लागेको थियो । त्यस्तै सन् २०११ मा विश्वको जनसंख्या ७ अरब पुगेको मानिन्छ । सन् २०५० सम्म विश्वको जनसंख्या १० अरब पुग्ने छ ।

विकसित देशहरूको तुलनामा विकाशोन्मुख मुलुकहरूमा जनसंख्याको बृद्धिदर धरै छ । जसले गर्दा देशको विभिन्न सामाजिक विकासमा व्यावधान उत्पन्न गराएको पाउँछौ । यि देशहरूको प्रतिव्यक्ति आय पनि धेरै कम हुन्छ । नेपालको प्रतिव्यक्ति आय लगभग ११०० अमेरिकी डलर भन्दा तलनै छ । हाम्रो देश नेपालको अर्थतन्त्र कृषिमा आधारित भएको हुँदा जनसंख्या बृद्धिको कारणले प्रतिव्यक्ति कृषियोग्य भूमि न्यून हुदै गई रहेको छ । यि अनेकौ कारणहरूले गर्दा वर्तमान समयका अल्पविकसित देशहरूमा द्रुततर गतिले बढ्दो जनसंख्याको दर आर्थिक विकासको अवरोधको रूपमा देखा परेको छ । यस अध्ययनमा हामीले नेपालमा जनसंख्याको बृद्धिले सामाजिक विकासका श्रेष्ठहरूमा पार्ने प्रभाव, जनसंख्याको बृद्धिले सामाजिक विकासका क्षेत्रहरूमा पार्ने प्रभाव, जनसंख्याको भौगोलिक, क्षेत्रिय वितरण, जनघनत्व, जन्मदर, प्रजननदर शिक्षा, स्वास्थ्य, सरसफाई आदि जस्ता सामाजिक विकासका तत्वहरूको सर्न्दभमा जोडेर उल्लेख गरिन्छ ।

## २) अध्ययनको उद्देश्य

सामान्यतया यस अध्ययनको उद्देश्य विश्वमा भएको जनसंख्या बृद्धिको विवरण दिनुको अतिरिक्त नेपालको जनसंख्याको स्थितिलाई केलाइन्छ तर विशिष्ट उद्देश्य निम्नलिखित छन् ।

१) नेपालको जनसंख्याको स्थिति, भौगोलिक र क्षेत्रिय वितरणको बारेमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

२) जनसंख्या बृद्धिदर सामाजिक विकासको सम्बन्धमा वर्णन गरिएको छ ।

## ३) समस्याको कथनः

नेपालमा जनसंख्या वृद्धि र सामाजिक विकासको सन्दर्भमा केही अध्ययन एवं अनुसन्धान भएका छन् नभएका होइनन् तर विगत समयदेखि कसरी जनसंख्या बृद्धिको तुलनामा राष्ट्रिय उत्पादन, आर्थिक र औधोगिक विकास कसरी भईरहेको छ भन्ने परिपेक्षमा कम अध्ययन भएको पाइन्छ । भनाईको अर्थ केहो भने एउटा तत्वको बृद्धि हुँदा त्यसले सामाजिक तत्वहरूमा कसरी प्रभाव पारिरहेको हुन्छ र यसले गर्दा मानिसको उन्नतिको साटो अवन्नतिमा जान्छ अनियन्त्रित जनसंख्या शहरी क्षेत्र एवं तराई प्रदेशमा बृद्धि हुँदा कृषि भूमि कसरी अतिक्रमण भईरहेको छ । भवन निर्माणका कार्यहरू तिव्र रूपमा विस्तारित भई रहेका छन् । यसले गर्दा शहरी भू-उपयोगमा समेत परिवर्तन ल्याउँछ । अनियन्त्रित एवं अवाञ्चनिय जनसंख्या बृद्धिदरले परिवारको आधारभूत आवश्यकताहरूको परिपूर्तिमा जटिलता ल्याएको छ । यो पक्ष प्रस्तुत अध्ययनसँग जोडिएको छ । त्यसकारण सन्तुलित विकास गर्नको लागि नियोजित परिवारले मात्र संभव हुन्छ । थप जनसंख्याले खाद्यान्न, पानी, आवास, स्वास्थ्य, सरसफाई, शिक्षा, वातावरण जस्तो सिमिति स्रोतमा थप असर पर्न जान्छ । यि कुराहरूलाई जोडेर अध्ययन एवं अनुसन्धान कम भएको छ । यस अनुसन्धानले यि कुराहरूलाई समायोजन गरेर अध्ययन अगाडि बढाउँछ । पहाडी एवं शहरी क्षेत्रमा होउस स्वच्छ पिउने पानी सरसफाई आदिको व्यवस्था साथै ढलनिकास आदिको समेत उचित व्यवस्था नुहँदा, मानिसहरूमा हैजा एवं संक्रमण रोग फैलिएर अनेकौं समस्याहरू समाजमा आउन सक्छन् यस सन्दर्भमा यस विषय बहस र छलफलको विषय बन्नु पर्छ यि यस क्षेत्रका ठुला समस्या हुन् । त्यसो हुदा प्रस्तुत लेख उत्तः समस्यालाई उजागर गर्नको लागि पनि आएको हो ।

सरकारले यि विकासका समस्यालाई सम्बोधन के कसरी गरेको छ ? जनसंख्या बृद्धिको स्थिति र सामाजिक विकास आदिको बारेमा जनसमानसमा परिचित बनाउनु, आदि अन्तमाः विभिन्न सघं संस्था व्यक्ति एवं अनुसन्धानबाट भएका कमी कमजोरी आदिलाई पूर्ण गर्न यो अनुसन्धान उपयोगी हुनेछ ।

## ३) अध्ययन विधिः

नेपालमा जनसंख्या बृद्धि र सामाजिक विकास सम्बन्धि अध्ययन वर्तमान समयमा पनि निकै महत्वपूर्ण छ । यो अध्ययन मुख्य गरेर वर्णात्मक एवं द्धितियक तथ्याङ्कमा आधारित छ । यसमा जनसंख्याको भौगोलिक स्थिति, जनसंख्याको क्षेत्रिय वितरण, प्रदेश अनुसार जनसंख्याको वितरण, जनघनत्व, जनसंख्या बृद्धिदर जन्मदर र प्रजनन दर आदिको तथ्याङ संकलन सन् १९५२/०५४ देखि सन २०२१ सम्मको जनगणना एवं सर्वेक्षणलाई आधार बनाएर गरिएको छ ।

यस्तै गरेर सामाजिक विकासका आधारहरू जस्तै शिक्षा सम्बन्धि तथ्याङ्क लिदा flash report, शिक्षासँग सम्बन्धित विभिन्न जोर्नल, प्रतिवेदन, पत्रिका, गोष्ठिपत्र आदिबाट प्राप्त गरिएको छ । यो अध्ययन गुणात्मक एवं मात्रात्मक दुवै किसिमको छ । यस्तै population monograph बाट पनि शिक्षा सम्बन्धि तथ्याङ्क लिएको छ । यस्तै गरेर आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७७/२०७८ अर्थमन्त्रालय सिंहदरवार आदिबाट प्राप्त गरियो । समयसमयमा UNESCO बाट प्रकाशित हुने साक्षरता सम्बन्धि प्रतिवेदन पनि यस अध्ययनमा निकै उपयोगी भएको छ । त्यसमा उल्लेखित शिक्षा सम्बन्धि विवरण यस अध्ययनमा समावेश गरिएको छ । त्यस्तै विभिन्न योजनामा शिक्षा सम्बन्धि भएका प्रगति आदिको उल्लेख गरिएको छ ।

यसमा शिक्षाको संख्यात्मक विकास, विद्याथी संख्या र शिक्षक संख्या आदिलाई अध्ययनमा छनोट गरिएको छ । नेपालको स्वास्थ्य र सरसफाइ सम्बन्धि तथ्याङ्क स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रत्येक ५-५ बर्षमा (MOHP) प्रजननद्धारा पोषण, बच्चाको मृत्युदर, र स्वास्थ्य सम्बन्धि अन्य मुद्धाहरूको बारेमा विवरण लिन्छ । The Nepal Labour force Survey (NLFS) ले जिवनस्तर जनसांख्यिक, रेमिटेन्स, रोजगार, स्वस्थय आदिका बारेमा जानकारी प्रकाशित गर्छ जुन सुचना एंव तथ्याङ यस अनुसन्धानमा उपयोगी हुन्छ ।

## ४) नतिजा र छलफलः

यो द्धितियक तथ्याङ्कमा आधारित अध्ययन हो । तथ्याङ्कको संकलन एवं विश्लेषणको आधारमा अनुसन्धानको नतिजा र छलफललाई हामीले यहाँ समावेश गरेका छौं । यस सन्दर्भमा नेपालमा जनसंख्याको स्थिति र यस सँग सम्बन्धित उपशिर्षकहरूलाई लिएर अनुसन्धान गरिएको छ । यसको साथै सामाजिक विकास र यसका उपशिर्षकहरू जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई आदि तत्वलाई जनसंख्या बृद्धिसँग जोडेर अध्ययन गरिएको छ । जसको चर्चा तल गरिन्छ ।

### नेपालको जनसंख्याको स्थिति

नेपालको ऐतिहासिक समयदेखिको जनगणना उपलब्ध छैन । सन् १८७९मा नेपालको जसंख्या २० लाख भएको अनुमान गरिएको थियो । नेपालमा जनगणनाको सुरूवात सवैभन्दा पहिला सन् १९११ (वि.सं. १९६८) मा भएको थियो । त्यस पछाडि प्रत्येक १०-१० बर्षको अन्तरालमा जनगणना गरिदै आएको पाइन्छ । संयुक्त राष्ट्रसंघका विशेषज्ञहरूको परामर्शको आधारमा सन् १९५२/०५४ मा वैज्ञानिक हैसियतले गरिएको जनगणनालाई प्रमाणित मानिए तापनि यो जनगणना सत्यताको एवं वैज्ञानिक छ तर वि.स. २०३८ सालमा लिएको जनगणना क्रम अनुसार आठौ हो तर यस समयमा जनसंख्या वृद्धिदर २.६६ थियो । यो एउटा जनसंख्या विस्फोट नै भएको मानन्छि जसलाई तलको तालिका १.१. मा देखाइएको छ ।

**तालिका नं. १:१ नेपालको जनसंख्याको स्थिति**

| जनगणना बर्ष (वि.स) | जनसंख्या | जनसंख्या बृद्धि | जनसख्या बृद्धि प्रतिशत | बार्षिक जनसंख्या बृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|
| १९६८ | ५६,३८,७४९ | - | - | |
| १९७७ | ५५,७३,७८८ | ६४,९६१ | १.१५ | -०.१२ |
| १९८७ | ५५,३२,५७४ | -४१२१४ | ०.७३ | -०.०७ |
| १९९८ | ६२,८३,६४९ | ७,५१,०७५ | १३.५७ | १.२७ |
| २००९/११ | ८२,५६,६२५ | १९,७२,९७६ | ३१.३९ | २.७३ |
| २०१८ | ९४,१२,९९६ | १,१५६,३७१ | १४.०१ | १.३१ |
| २०२८ | १,१५,५५,९८३ | २१,४२,९८७ | २२.७६ | २.०५ |
| २०३८ | १५०,२२,८३९ | ३४,६६,८५६ | ३०.० | २.६२ |
| २०४८ | १८४,९१०९७ | ३४,६८,२५८ | १८.७६ | २.०८ |
| २०५८ | २,३१,५१,४२३ | ४६,६०,३२६ | २५.२० | २.२५ |
| २०६८ | २,६४,९४,५०४ | ३३,४३,०८१ | १४.४४ | १.३५ |
| २०७८ | २,९१,९२,४८० | २६,९७,९७६ | १०.१८ | ०.९३ |

स्रोत : CBS National Population and Housing Census 2011,2021

ई.स. १९६८ सालमा जनसंख्या ५६,३८,७४९थियो र ३० बर्ष पछि वि.स. १९९८ मा जनसंख्या ६२,८३,६४९हुन पुग्यो । एवं हिसाबले जनसंख्या बढेको खण्डमा जनसंख्या दोब्बर हुन लगभग दुई सय बर्ष लाग्थ्यो । २००९/०११ मा आएर नेपालको जनसंख्या ८२,५६,६२५ थियो भने २०३८ को जनगणना अनुसार नेपालको जनसंख्या १५०,२२,८३९पुगेको देखियो । यसरी २७ बर्षको समयमा देशको जनसंख्यामा ३४,६६,८५६ बृद्धि भएको छ । २०२८ को तुलनामा २०३८ मा जनसंख्या अप्रत्यासित ढंगबाट बढेको छ । यस समयमा ३० प्रतिशतले जनसंख्या बृद्धि भएको छ । यस्तै २०५८ को जनगणनामा जनसंख्या वृद्धि २०६८ र २०७८ को तुलनामा बढि नै देखिन्छ । तर वर्तमान समयमा आएर जनसंख्याको बृद्धि केही घट्दो दरमा आउदै छ । (तालिका १.१) २०७८मा जम्मा जनसंख्या बृद्धिदर दशकमा १०.१८ छ ।

**भौगोलिक क्षेत्र अनुसार जनसंख्या वितरणः**

वि.स. १९७७ सालको जनगणना अनुसार पहाडमा ६१.९प्रतिशत र तराईमा ३८.१ प्रतिशत मानिसहरू बसोबास गर्थे । वि.स. २००९/२०११ को जनगणना अनुसार पहाडमा ६५.६ प्रतिशत र तराईमा ३४.४ प्रतिशत जनसंख्या थियो । वि.स. २०२८ सालमा पहाडी क्षेत्रमा ६२.२९प्रतिशत र तराईमा ३७.६१ प्रतिशत जनसंख्या बसोबास गरेको पाइन्छ । वि.स. २०३८ सालको जनगणना अनुसार हिमालमा ८.७ प्रतिशत, पहाडी क्षेत्रमा ४७.७ प्रतिशत र तराई क्षेत्रमा ४३.६७ प्रतिशत जनसंख्या बसोबास गर्थे ।

यस्तै गरेर भौगोलिक क्षेत्र अनुसार जनसंख्याको वितरण तराई क्षेत्रको अंश विगत २०६८ सालको तुलनामा २०७८ सालमा बृद्धि भएको देखिन्छ । विगत वि.स. २०६८ सालको जनगणनामा तराईमा कूल जनसंख्याको ५०.२७ प्रतिशत हिस्सा भएकोमा वि.स. २९७८ मा बृद्धि भई ५३.६६ प्रतिशत पुगेको छ । हिमाली क्षेत्रमा कूल जनसंख्याको ६.७३ प्रतिशत अंश रहेकोमा २०७८ केहि कम ६.०९प्रतिशत रहेको पाईन्छ । त्यसै गरेर पहाडी क्षेत्रमा २०६८ मा ४३.०१ प्रतिशत रहेकोमा वि.स. २०७८ को जनगणनामा ४०.२५ प्रतिशत झरेको छ ।

**प्रदेश अनुसार जनसंख्या वितरणः**

राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार प्रदेशगत रूपमा जनसंख्याको वितरण हेर्दा सवभन्दा बढी जनसंख्या मधेश प्रदेश र सबैभन्दा थोरै कर्णाली प्रदेशमा रहेको छ । जुन क्रमश २०.९९२ ५.८१ प्रतिशत छ । यसै गरेर नपालको राजधानी समेत रहेको बागमति प्रदेशमा दोस्रो ठूलो जनसंख्या २०८४ प्रतिशत रहेको छ । यसरी वि.स. २०७८ मा आएर जनसंख्याको हिसाबले तेस्रो, चौथो, पाँचो र छैठौ क्रमसः लुम्बिनी प्रदेश, प्रदेश १, सुदुरपश्चिम र गण्डकी) प्रदेश रहेको छन् ।

लैङ्कि हिसावले विश्लेषण गर्दा सबैभन्दा बढि मधेस प्रदेशमा र सवैभन्दा थोरै सुदुरपश्चिम प्रदेशमा क्रमशः १००.९९र ९०.४९रहेको छ । गत २०६८ सालको जनगणनाको तुलनामा लैङ्गिक अनुपात कुनै प्रदेशमा बढेको र कुनै प्रदेशमा कम भएको पाइन्छ ।

जनसंख्याको बनोटले उमेर अनुसार हेर्दा०–१४ बर्ष र उमेर समूहमा कूल जनसंख्याको ३४.९१ प्रतिशत रहेको पाइन्छ । सन् २०६८ को जनगणना हनुसार १५ देखि ५९बर्षको उमेरमा ५६.९६ प्रतिशत र ६० भन्दा माथिको नेपालको बृद्ध समूहको जनसंख्या ८.१३ प्रतिशत रहेको छ ।

**ग्रामीण शहरी जनसंख्या वितरण :**

नेपालमा वर्तमान समयमा देशमा ७५३ स्थानीय तह मध्ये २९३ वटा नगरपालिका तथा बाँकी गाउँपालिका रहेका छन् नेपाल सरकारबाट घोषित २९३वटा नगरपालिकामा रहेको जनसंख्यालाई शहरी क्षेत्रको जनसंख्या र सो बाहेकको ४६० गाउँपालिकामा रहेको जनसंख्यालाइ ग्रामीण क्षेत्रको जनसंख्या मानेर ग्रामीण एवं शहरी जनसंख्या मानिएको छ । वि.स. २०६८ सालको जनगणनामा देशमा जम्मा ५८ वटा नगरपालिका थिए र यसले ओगटेको जनसंख्या देशको कूल जनसंख्याको १७.०७ प्रतिशत र ग्रामीण जनसंख्या ८२.९३ प्रतिशत थियो । विस.स. २०७८ को जनगण्नामा ६६.०८ प्रतिशत शहरी जनसंख्या पुगेको छ । भने ग्रामीण जनसंख्या ३३.९२ प्रतिशत छ ।

**जनघनत्वः**

प्रतिवर्ग किलोमिटर क्षेत्रमा बसोबास गर्ने मानिसको संख्या नै जनघनत्व हो । जसघनन्तवको दृष्टिकोणले हेर्दा नेपालमा विस.स. २०६८ सालमा १८० प्रतिवर्ग किलोमिटर भएकोमा वि.स.२०७८ को जनगणनामा १९८ जना प्रतिवर्ग किलोमिटर भएको देखिन्छ । यस जनगणनामा सबैभन्दा जनघनत्व तराई क्षेत्रमा ४६१ प्रतिवर्ग किलोमिटर र सबैभन्दा कम हिमाली क्षेत्रमा ३४ प्रतिवर्ग किलोमिटर रहेको छ ।

**जनसंख्या वृद्धिदरः**

दुई दशक अगाडी हिमाली क्षेत्रको बार्षिक जनसंख्या बृद्धिदर १५७ प्रतिशत अहिलेको दशकमा आएर०.५४ प्रतिशत हुन आएको छ । अहिले आएर पहाडी र तराई क्षेत्रको जनसंख्या बृद्धिदर क्रमशः १.०६ प्रतिशत र १.७२ प्रतिशत रहेको पाइन्छ ।

**जन्मदर र प्रजननदर :**

विगतका दशकहरूमा जनसंख्या बृद्धिदर तिब्र गतिमा हुनको कारणमा जन्मदर उच्चस्तरमा रहेको मृत्युदरमा छिटो किसिमबाट कमि आउनु हो । विभिन्न सर्वेक्षणबाट नेपालमा वर्तमान समयमा सन् २०१३ मा कोरा जन्मदर ७.० प्रतिहजार जनसंख्या हुन आएको छ । सन् २००१ र २०११ को दशकमा १ बर्ष मुनिका बालकको मृत्युदर ९प्रतिशतले मात्र र बालिकाको मृत्यदर २५ प्रतिशतले कमि आएको पाइन्छ । सन् २०११ मा ४५-४९बर्ष उमेर समूहमा महिलाको मृत्युदर बढेको देखियता पनि अन्य उमेर समूहमा यो मृत्युदर घट्न गएको छ । सबैभन्दा माथिल्लो उमेर समूह (७०+) मा पुरूष महिला दुवैको मृत्युदर घटेको पाइन्छ ।

सन् २०११ को जनगणना अनुसार नेपालमा कुल प्रज्नन दर २.५ अनुमान गरिएको थियो । नेपालमा कूल प्रजनन दर २.५ अनुमान गरिएको थियो । नेपालमा महिलाको उमेर बृद्धिसँगै हाल सम्म जन्मेका औषत बच्चाहरूको समूह बढ्न गई ४५-४९बर्षमा सबैभन्दा उच्च रहेको देखिन्छ । ५ भन्दा बढी बच्चाको जन्म दिएका महिलाहरू १२.२ प्रतिशत रहेका छन् । नेपालमा वि.सं. २०७८ को जनगणना अनुसार परिवार सख्या ६७,६१,०५९छ । यस अधिको जनगणना २०६८ भन्दा यस जनगणनामा १३,३३,७५७(२४.५७) परिवा थप भएको देखिन्छ । प्रतिपरिवार ४.३२ जना रहेको पाइन्छ ।

धेरै जनसंख्या बृद्धि देशको जनताको जीवनस्तर माथि लैजाने कार्यमा ठूलो समस्याको रूपमा आएको पाइन्छ । हाम्रो देश नेपाल वर्तमान समयमा पनि अन्य छिमेकी देशहरूको तुलनामा जनघनत्वमा कमि नै छ । तापनि पछि पछुताउनु भन्दा पहिल्लैनै सन्तुलित हुनु राम्रो हुन्छ । यस्तो भएन भेन हामीले निर्माण गर्ने योजनाहरू, समेत प्रभावित हुन्छन् । आर्थिक बर्ष २०७६/०७७ मा कोभिड १९महामारीबाट नेपालको अर्थतन्त्र, प्रभावित हुन गई आर्थिक बृद्धिदर पछिल्लो दुई दशकमै पहिलो पटक २-१२ प्रतिशतले ऋाणात्मक रहेको थियो जुन आर्थिक बर्ष २०७१/०७२ मा गएको विनाशकारी भूकम्पबाट सिर्जित आर्थिक क्षति भन्दा उच्च हो । २०७७/०७८ मा प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (प्रचलित मुल्यमा) ५.८ प्रतिशतले बृद्धि भई अमेरिकि डलर ११९१ पुगेको अनुमान छ । यसरी जनसंख्या यस अवधिमा अन्य दशकको तुलनामा केही ऋणत्मक अवस्थमा भएको मान्नुपर्छ नेपालको कूल ग्राहस्थ राष्ट्रिय उत्पादन २०७८ मा ५.८४ प्रतिशत छ । जुन संख्या बृद्धिको तुलनामा बढि नै हो । तर यस्तो अवस्था भएता पनि वर्तमान समयमा आएर नेपालको कृषि योग्य भूमी पनि घट्नु, वनजगंलको विनाश, प्रदुषण र राष्ट्रिय साधनहरूमा जनसंख्याको चाप बढ्दै गइरहेकोले परिवारलाई मात्र भार नभएर सरकारलाई पनि पर्ने हुदाँ जनसंख्या र आर्थिक विकासलाई सन्तुलनमा ल्याउनु जरूरी छ । यसै कुरालाई मध्यनजर गरि स्वर्गिय राजा विरेन्द्रले भनेका थिए आर्थिक विकासको सन्दर्भम जनसंख्याको बृद्धिदर विशेषतः कृषि क्षेत्रको उत्पादन बृद्धिमा सन्तुलन ल्याउन नसकेमा यसबाट विकासतिरको हाम्रो प्रयासलाई विफल तुल्याउनको साथै दरिद्रता, अभाव, वनसम्पदाको विनाश, भूक्षय, प्रदुषण तथा संक्षेपमा दुषित वातावरण जस्ता धेरै समस्याहरू हामीले सोच्दै नसोचेको ढंगबाट अझै जटिल हुदै जाने कुरालाई हामीले बेलैमा बुझ्नु परेको छ ।

जनसंख्यामा तिव्रकिसिमबाट बढ्दै जानु खाद्यान्न अनुपात सोही अनुपातमा बढ्न सकेको पाउँदैनौ । फलस्वरूप सर्वसाधारणको उपभोग स्तरमा न्यूनता आइहरको छ । वि.स. २०६९-७० मा प्रतिव्यक्ति खाद्यान्नको स्थिती २६२ केजी दालवाली ९केजी फलफूल २५ केजी तरकारी १०५ केजी, आलु ९० केजी माछा १.८ केजी दूध ५२ केजी, मासु ९केजी र अण्डा २३ केजी रहेको थियो । त्रि बर्षीय योजनामा ३२० केजी खाद्यान्न वालीको उत्पादकत्व मेट्रिकटन प्रतिहेक्टर -०.६ छ । (२०७७-०७८) मा खाद्यान्न उत्पादन १०९२६०३३८ मे.टन छ । र खाद्यान्न उत्पादनको क्षेत्रफल ३४४०१३८.९हेक्टर छ । हाल नेपालमा कूल कृषि योग्य भूमी २७ लाख ३० हजार हेक्टर छ ।

यसरी जनसंख्या बृद्धि २०७८ अनुसार लगभग १.० प्रतिशतले भएको छ भने खाद्यान्न उत्पादन०.५ प्रतिशतले बृद्धि भएको छ । यो पनि अझै कोभिड १९को महामारी प्रभावले गर्दा शहरी जनसंख्या एवं विदेशबाट फर्किएर आएका युवाहरू गाउँ फर्कि सक्रिय कार्यमा लागेको हुदाँ खाद्यान्नबाली लगाइएको क्षेत्रफल केही बढेको हो । यसरी सिमित कृषि भूमि एवं भूमिको सहि सदुपयोग नहुनु बाँझो छोड्नु आदि कारणले देशमा खाद्यान्न समस्या बढिरहेको छ । सन् १९८० सम्म नेपालले विभिन्न देशहरूमा खाद्यान्नको निर्यात गर्थ्यो अहिले आएर आफैले बर्षेनी खर्बौको खाद्यान्न आयात गर्छ बर्षेनी लगभग साढे दुईलाख जनसंख्या थपिने गरेको छ । फलस्वरूप बेरोजगारी मूल्युवृद्धि, व्यापार घाटा सामाजिक एवं आर्थिक सुविधाको अभाव, वातावरणीय असन्तुलन वनविनाश, खानेपानीको कमि, शिक्षा, स्वास्थ्य जस्ता समस्याहरूको उत्पत्ति हुन्छ । नेपालमा २०६८ सालमा लिएको जनगणनाको वर्तमान अवस्थालाइै लिएर अध्ययन गर्दा यसको सामाजिक विकासमा सकरात्मक एवं नकरात्मक असर पर्दै गइरहेको कुरालाई तल उल्लेख गरिन्छ ।

**शिक्षा**

नेपालको संविधानले शिक्षा सम्बन्धि हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसै गरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गिकरण गरि सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउन राज्यको दायित्व रहेको विषय प्रस्ट पारिएको छ । नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचिबाट मुक्त गराई विकाशोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवं दिगो विकासको लक्ष अनुरूप समावेशी र समन्वयमा आधारित शिक्षा सबैमा पुऱ्याउन समेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ । शिक्षाले मानसिलाई सिप र व्यवहार सिकाउँछ । कुनै पनि देशको विकासमा प्राकृतिक स्रोत र साधनको साथसाथै दक्ष प्राविधिक जनशक्तिको उत्पादन गुणस्तरीय शिक्षाबाट मात्र हुने गर्छ शिक्षित जनशक्तिले विभिन्न स्रोत र साधनको समूचित उपयोग गर्न सक्छ । त्यसकारण जनसंख्याका बृद्धि साथै देशको शिक्षाको विभिन्न पक्षमा सुधार ल्याउन आवश्यक पर्छ ।

त्यसैले Lord Brogham भनेका छन् "Education makes a people easy to lead but difficult to drive, easy to govern, but impossible to enslave."

According to levis-Economic development makes tremeadous demands on education facilities at every level. There is a greater demand for primary education, culminating in the demand that every child of school age should have compulsory education. More secondary schools are needed either to supply more secondary education for its own sake or else to provide matterials for the universities, or further training as secretaries, teacher or technical assistants. नेपालमा आधुनिक शिक्षाको सुरूवात वि.स. १९१० मा दरबार हाइस्कुलको स्थापनाबाट भएको पान्छ । विस. २००७ सालमा देशमा जम्मा ३२१ वटा विद्यालय थिए भने साक्षरता दर २ प्रतिशत मात्र थियो । विसं. २०६८ सालको जनगण्ना अनुसार नेपालको साक्षरता दर ६५.९प्रतिशत पुगेको छ । नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने बालबच्चाहरूको अझै पनि शिक्षाको गुणस्तर स्थिति निकै कमजोर परिवारको आकार पनि ठुलो हुनाले गर्दा बच्चाहरूका स्वास्थ्य अवस्थमा समेत असर पर्न जाने हुँदा उनीहरूले प्राप्त गर्ने शिक्षामा कमि आउन सक्छ । त्यसकारण आफुले उत्पादन गरेका जनशक्ति संसारका जुनसुकै बजारमा पनि विक्न सक्ने एवं प्रतिस्पर्धा गर्न सक्ने होउन ।

यहाँ हामीले तलको तालिको २ मा नेपालको विद्यालय विद्यार्थी र शिक्षकको विवरण र अनुपातको उल्लेख गर्छौ ।

शैक्षिक बर्ष २०७७ मा नेपालमा कुल ३५ हजार ६ सय ७४ विद्यालय रहेका छन् जसमध्ये सामुदायिक विद्यालय २७ हजार ८ सय १३ संस्थागत विद्यालय छ हजार ७ सय ३२ र धार्मिक विद्यालय ११२ ९रहेका छन् जसलाई तलको तालिकामा उल्लेख गर्छौ ।

तालिका १:२ प्रकार अनुसार विद्यालयको विवरण

| तह र प्रकार अनुसार विद्यालय | सामुदायिक | संस्थागत | धार्मिक | जम्मा (तह) |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | २७७९८ | ६५४४ | ११०३ | ३५४४५ |
| आधारभूत तह (कक्षा ६-८) | १२०७१ | ४६४६ | १३० | १६८४७ |
| आधारभूत तह (कक्षा १-८) | २७९५० | ६५६५ | ११२९ | ३५६४४ |
| माध्यमिक तह (कक्षा ९-१०) | ७२०० | ३६२४ | ३९ | १०८६३ |
| माध्यमिक तह (११-१२) | ३२६८ | ९१३ | ६ | ४१८७ |
| माध्यमिक तह (९-१२) | ७२०० | ३८६९ | ३९ | १११०८ |
| जम्मा | २७८१३ | ६७३२ | ११२९ | ३५६७४ |

स्रोतः शिक्षा तथा मानवस्रोत विकासकेन्द्र

तालिका नं. १.३ सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण २०७७

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | जम्मा |
| आधारभूत कक्षा (कक्षा १-५) | ६६५४७ | ८३६४६ | २८९०३ | २२२०० | ९५४५० | १०५८४६ | २०१२९६ |
| आधारभुत कक्षा (कक्षा ६-८) | ९६२९ | २८९८९ | ८४७५ | ८७८८ | १८१०४ | ३७७७७ | ५५००१ |
| माध्यमिक कक्षा (९-१०) | ५१६५ | २२१५७ | ४४९७ | १२६२७ | ९६६२ | ३४७८४ | ४४४४६ |
| माध्यमिक कक्षा (१-१२) | २७०० | ११२७७ | ८४९ | ४१२७ | ३५४९ | १५४०४ | १८९५३ |
| जम्मा | ८४०४१ | १४६०६९ | ४२७२४ | ४७७४२ | १२६७६५ | १९६८११ | ३२०५७६ |

स्रोतः शिक्षा तथा मानवस्रोत विकासकेन्द्र, २०७७

तालिका १:४ विद्यालय तहमा विद्यार्थी भर्नाको अवस्था

| तह/शैक्षिक बर्ष २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | ४१३५२५३ | ३९७००१६ | ३७३०६०२ | ३५४३८६२ |
| आधारभूत तह (कक्षा ६-८) | १८५९३५९ | १८६६७१६ | १८२४७७७ | १७७५१४२ |
| आधारभूत तह (कक्षा १-८) | ५९९४६१२ | ५८३६७३२ | ५५५३७९ | ५३१९००४ |
| माध्यमिक तह (कक्षा ९-१०) | ९५८५०२ | ९७०७२० | १०२७५१२ | १०४०९७६ |
| माध्यमिक तह (११-१२) | ४९२९८४ | ५८४०७२ | ६३१६३४ | ६६१६४२ |
| माध्यमिक तह (९-१२) | १४५१४८६ | १५५४७९२ | १६५९१४६ | १७०२६१८ |
| जम्मा (१-१२) | ७४४६०९८ | ७३९१५२४ | ७२१४५२५ | ७०२१६२२ |

स्रोतः शिक्षा तथा मानवस्रोत विकास केन्द्र २०७७

आजभन्दा लगभग ४ दशक पहिला नेपालमा कुल विद्यालय संख्या १६,७६८ थियो भने अहिले आएर वि.सं. २०७७ साल सम्म ३५६७४ पुगेको देखिन्छ । यस्तै गरेर विद्यार्थी संख्या त्यस दशकमा २३,०८,८८९थियो भने २०७७ सालमा आएर त्यो संख्यामा बृद्धि भई जम्मा विद्यार्थी संख्या आधारभूत देखि माध्यमिक (११-१२) सम्म गरेर ७०२१६२२ जना रहेको पाईन्छ । (तालिका १:४) शैक्षिक बर्ष २०७७ मा आधारभूत तहको कक्षा १-८ मा ५३ लाख ३७ हजार ६ सय ९४ विद्यार्थी अध्ययनरत रहेका छन् । यसै गरी यस शैक्षिक बर्षमा माध्यमिक तह (कक्षा ९-१०) मा १० लाख ६४ हजार ७ सय ४४ विद्यार्थी रहेका छन् जुन गत शैषिक बर्षको भन्दा १.०२ प्रतिशतले बढि हो । माथिको तालिका अनुसार तुलनात्मक हिसावले आधारभूत तह (१-५) को विद्यार्थी संख्या निरन्तर घट्दो क्रममा रहेको छ । जनसंख्या बृद्धिदर न्युन हुदै गएको र चालु शैक्षिक बर्षको सुरूका ३ महिलनामा विद्यालय पूर्ण रूपमा २ त्यसपछि केही महिना आशिंक रूपमा बन्दा भएका कारण समेत शैक्षिक बर्ष २०७७ मा कूल विद्यार्थी संख्यामा सोको प्रभाव परेको देखिन्छ ।

चार्धौं योजनामा १५ देखि २४ बर्ष उमेर समूहको साक्षरतादर ९२ प्रतिशत पुऱ्याउने लक्ष रहको छ । कक्षा एकमा बालविकासको अनुभव सहित भर्ना हुन आउने बालबालिकाहरूको संख्या ७८ प्रतिशत पुऱ्याउने र आधारभूत तहमा कक्षा १-८ को खुद भर्नादर ९४ प्रतिशत तथा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्नादर ४५ प्रतिशत पुऱ्याउने लक्ष थियो । सबै गाउँपालिका र नगरपालिकाका वडाहरूमा सामुदायिक अध्ययन केन्द्र स्थापना गर्ने लक्ष रहेको छ । नेपालमा जनसंख्या बृद्धिदर कम भएको छ भने साक्षरताको प्रतिशत भने बढ्दै गएको बखतमा अब केही बर्षमानै देश पूर्ण साक्षर हुन बेर लाग्दैन । कतिपय प्रदेशहरूको आफू साक्षर भएको घोषणा गरिसकेका छन् शिशु जन्मदर पनि घट्दै जानुले बाल भर्नादर पनि कम हुदै जानु हो । यदि केटाकेटीको संख्या बढ्यो भने भर्नाहरू बढ्दै गएर आर्थिक दायित्व बढ्दै जानु हो । कूल प्रजननदरमा कमि ल्याउन सकिएका खण्डमा स्कुलमा पढ्ने वालबालिकाको संख्यामा निकै फरक पर्नेछ यसबाट ज्ञान, सिप साक्षरतको स्तर कायम राख्नको लागि खर्च गर्नु पर्ने पैसाबाट नै विद्यार्थी प्रतिशत र शैक्षिक स्तरमा बृद्धि गर्न सकिन्छ ।

१. पोखरा विश्वविधालयमा ३२ हजार ५ सय ८४ रहेका छन् ।

२. सुदुरपश्चिमाञ्चल विश्वविधालयमा ८ हजार ९सय १२ रहेका छन् ।

आर्थिक बर्ष २०७६ /०७७ सम्म मुलुक भित्र संचालनमा रहेका विभिन्न विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीको संख्या आर्थिक बर्ष २०७५/०७६ को ५ लाख ३८ हजार तुलनामा १.५ प्रतिशतले बढेर ५ लाख ४६ हजार छ ।

देशमा संञ्चालनमा रहेका ११ विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमध्ये त्रिभुवन विश्वविद्यालय मा ४ लाख १५ हजार ७ सय ७७, काठमाडौं विश्वविद्यालयमा १८ हजार ८ सय साठी, पूर्वाञ्चल विश्वविद्यालयमा १८ हजार ८ सय ६० रहेका छन् त्यसै गरेर मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा ९हजार ७ सय ३५, नेपाल संस्कृत विश्वविद्यालयमा २ हजार ६ सय कृषि तथा बन विज्ञान विश्वविद्यालयमा ३ हजार ३ सय २३, खुला विश्वविद्यालय १ हजार ६ सय ५९, राजषी जनक विश्वविद्यालयमा १७४ र लुम्बिनी बौद्ध विश्वविद्यालयमा ५२६ विद्यार्थी अध्ययनरत छन् यसै गरेर ६ स्वस्थ्य विज्ञान प्रतिष्ठानमा २ हजार ८ सय २८ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

अझै पनि सार्क देशका अन्य विश्वविद्यालयहरूको तुलनामा नेपालमा एउटा विश्वविद्यालयमा आश्रीत जनसंख्या लगभग २० लाख जति पर्छ । भनाईको तात्पर्य अझै पनि विश्वविद्यालयहरूको संख्या थप्दै जानु पर्ने देखिन्छ भविश्यमा जसले व्यय भार बढ्दै जान्छ । सरकारले विश्वविद्यालयमा छुट्याएको बजेटमा अझै थप गर्नुपर्छ ।

**स्वास्थ्यः**

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवंम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ । यसै क्रममा सन् १९५३ मा नेपाल WTO को सदस्य राष्ट्र समेत भएको छ । नेपालमा संञ्चालित राष्ट्रिय खोप कार्यक्रम लगायत विविध खोप कार्यक्रम संङ्क्रामक तथा असङ्क्रामक रोग सम्बन्धि सेवामा गुणात्मक र संख्यात्मक सुधार भए यता हाल औषत आयु ६९.७ वर्ष पुगेको छ । संविधानले व्यवस्था गरेको सङ्घीय स्वरूप, भौगोलिक एवम् जनसंख्याको अनुपात अनुरूप स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण गर्नु, निशुल्क वितरण गरिने औषधी आवश्यकताका आधारमा उपलब्ध गराएको खण्डमा देशमा जनसंख्याको अनुरूप स्वास्थ्य सुविधा पनि बढ्दै जान्थ्यो । राष्ट्रको सर्वागीण विकासको सन्दर्भमा स्वास्थ्य जनशक्तिको महत्वपूर्ण भूमिका रहने गरी यो एउटा आधारभूत आवश्यकता भएकोले देशमा रहेका सर्वधारण मानिसको स्वास्थ्यको स्तरलाई माथि लैजानको लागि सरकारले हरेक पञ्चवर्षिय योजनामा बजेट छुट्याउदै आइरहेको परिपेक्षमा पाँचौ योजना कालदेखि १५ वर्षीय दिर्घकालीन स्वास्थ्य योजना तर्जुमा गरिएको पाइन्छ । त्यस पछाडि आएर पाँचौ र छैटौ योजनामा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन महत्वपूर्ण उपलब्धीहरू भए । सातौँ योजनामा आएर प्राथमिक स्वास्थ्य हेरचाहको माध्यमबाट धेरै सेवामूलक बनाएर अगाडि बढ्ने कार्य भयो । सरकारले सन् २००० एवं वि.स. २०५७ सम्ममा सवैलाई स्वास्थ्य सेवा (Health for all, and all for health) प्रहाव गर्ने दिर्घकालिन नीति लिएको छ ।

आर्थिक वर्ष २०७७/०७८ पुषसम्म मेडिकल चिकित्सकतर्फ २४ हजार ८ सय १४ र दन्त चिकित्सकलाई ३,६६३ गरी २८ हजार ४ सय ७७ चिकित्सक नेपाल मेडिकल काउन्सीलमा दर्ता भएका छन् । आर्थिक वर्ष २०७६/०७७ पुषसम्म मेडिकल चिकित्सक तर्फ २३ हजार १ सय ४६ र दन्त चिकित्सक तर्फ ३,२०० गरी २६ हजार ३ सय ४६ चिकित्सक नेपाल मेडिकल काउन्सीलमा दर्ता भएका थिए (आर्थिक वर्ष २०७७/०७८) । आज भन्दा ४ दशक पहिला नेपालमा ८९वटा अस्पतालहरू थिए, आर्युवेद औषधालयमा १४५ वटा र कुल डक्टरको संख्या ७३४ थियो । अहिले अस्पतालको संख्या/शैया बढेर ८१८२ पुगेको छ । स्वास्थ्य चौकीको संख्या ३८०५ पुगेको पाइन्छ । आर्युवेदीक औषधालयमा ३९५ पुगेको छ । उपस्वास्थ्य चौकी २६३६ पुगेको छ ।

अत २०७७ फागुनसम्म डाक्टर, नर्स/अ.न.मी, कविराज, वैध, स्वास्थ्य सहायक र महिला स्वास्थ्य स्वयमसेविका गरी जम्मा स्वास्थ्य जनशक्ति ९० हजार ३ सय ६९रहेको छ । कुल डाक्टर संख्या २६३४६ र प्रति डाक्टर ११,०४५ वटा जनसंख्या पर्न आउँछ । ताकि ३-४ दशक पहिला प्रतिडाक्टर २४,५५४ वटा जनसंख्या पर्‍यो ।

नेपालमा सातौँ योजनाको अन्तसम्म कोरा मृत्युदर १२.८ प्रतिहजार, शिशुमृत्युदर ९८.३ प्रतिहजार र औषतआयु जम्मा ५५.४ पुग्ने लक्ष थियो । चौथौ योजना अवधिमा पाँच वर्ष मुनिको बालमृत्युदर

(प्रतिहजार जीवित जन्ममा) घटाई ३० पुऱ्याउने, मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) १४५ पुऱ्याउने, नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) घटाई २० पुऱ्याउने कूल प्रजनन्दर (१५-४९वर्ष उमेर समुहका प्रति महिलाले जन्म दिएका बञ्चाको औषत संख्या (२.१ पुऱ्याउने ८७ प्रतिशत क्षयरोगी विरामीहरू पत्ता लगाउने र पाँच वर्ष मुनिका बञ्चाहरूमध्ये पुड्कोपन (उमेर अनुसार उचाइ कम) भएका बञ्चाहरूको प्रतिशतलाई घटाएर ३२ पुऱ्याउने लक्ष्य रहेको छ । नेपालमा प्रति रोगीशैयाको लागि ६००० जनसंख्या पर्दछन् । अन्य सार्क राष्ट्रहरूको तुलनामा यो संख्या धेरै हुन आउँछ । अहिले आएर मानिसहरूमा नयाँ नयाँ रोगहरूले ग्रसित बनाइरहेको छ । प्रोटिनको कमिले कुपोषण,आयोडिन र फलामको कमि तथा फोहरी वातावरणले गर्दा मानिसहरूमा सरूवा रोगहरू लाग्ने बढी संभावना हुन्छ । सफाई सुग्गर र प्रशोधित पानीको अभावले गर्दा पानीबाट धेरै रोगहरू निक्लने, लामखुट्टेको बढ्दो प्रवृत्तिले गर्दा डेङ्गु जस्ता रोग लागेर आक्रमण रूप लिएको छ । यसमा पनि जनसंख्या बढ्दो रूपलाई जिम्मेवारी मा लिन सकिन्छ । स्वास्थ्य क्षेत्रमा विनियोजित बजेटलाई दोब्बर बनाउनु पर्छ । जनसंख्याको वृद्धिले बसाई सराई बसोबासको व्यवस्थामा कमि, रोजगारीको अवसर, शिक्षा दिक्षा आदिमा मात्रै खर्च गर्न नसक्ने अवस्थामा स्वास्थ्य सेवा उपलब्ध गराउने कार्य तिर धेरै लगानी गर्न सकिदैन । कतिपय निम्न आय भएका देशहरूले सिमित स्वास्थ्य पनि प्रदान गर्न सकेका छैनन् ।

यदि स्वास्थ्य सेवामा समस्या भयो भने मानिसहरूको अकालमा मृत्यु हुनेछ । स्वास्थ्य र जनसंख्या राष्ट्रको सम्पूर्ण जिवनसँग प्रत्यक्ष रूपले सम्बन्धित छ । प्रभावकारी किसिमबाट दुवैको विकास र नियन्त्रण गर्न सर्वसाधारणको धारणा र व्यवहारमा आधारभूत परिवर्तन ल्याउन आवश्यक छ ।

### खानेपानी तथा सरसफाई

मानव जीवनलाई प्रभाव पार्ने तत्वहरूमध्ये सुरक्षित खानेपानी को आपूर्ति पनि एक हो । सुरक्षित खानेपानीको अभावमा मानव जिवनको असतित्व नै रहन सक्दैन । सुरक्षित खानेपानी र सरसफाइको अभावमा प्रतिवर्ष ५ वर्ष मुनिका १३,००० बालबालिकाहरू मर्ने गरेको तथ्याङ (युनिसेफ २००५) बाट स्पष्ट हुन्छ । प्रतिव्यक्तिलाई प्रतिदिन २०० देखि २५० लि. सुरक्षित पानीको खाँचो पर्छ । यस्तो अवस्था विश्वमा रहेको कुल पानीको ३ प्रतिशत मात्र स्वस्थ रहेको छ भने बाँकी ९० प्रतिशत अस्वस्थ रहेको उल्लेख छ ।

विगतका वर्षहरूमा भएका अध्ययन अनुसार सन् १९९६ (वि.सं. २०५३) मा देशको कूल जनसंख्याको ६० प्रतिशत जनसंख्याका लागि मात्र खानेपानी को आपूर्ति भएको उल्लेख छ । सन् १९९७ मा यूनिसेफले गरेको तथ्याङ अनुसार ग्रामीण क्षेत्रका वासिन्दाले ५० प्रतिशतले मात्र शुद्ध पिउने पानी पाएका छन् भने शहरी क्षेत्रमा ८८ प्रतिशत जनसंख्याले उपभोग गर्ने उल्लेख छ । नेपालमा अर्न्तराष्ट्रिय सरसफाई वर्ष सन् २००८ (२०५६) का अनुसार ७६ प्रतिशत जनसंख्याले खानेपानी सुविधा प्राप्त गरेको उल्लेख छ । नेपालमा खानेपानी आपूर्तिको अवस्थालाई हेर्दा ग्रामीण क्षेत्रको कार्यक्रम अर्न्तगत ग्रामीण बस्तीमा पाइप प्रणालीबाट पानी आपूर्ति गर्न संभव नभएका स्थानहरूमा परम्परागत तरिकाबाट चलनचल्तीमा रहेको खानेपानीको स्रोतहरूको सुधार तथा संरक्षण गर्ने वर्षाको पानीलाई संकलन गर्ने र त्यसलाई शुध्दीकरण गरेर पिउने चलन भएता पनि अझै पिउने पानीको हाहाकार देशमा व्याप्त नै छ । आर्थिक वर्ष २०६४-०६५ मा १८८ वटा खानेपानी स्कीम स्थापना भएको थियो ।

वातावरण तथा विकास सम्बन्धि अन्तर्राष्ट्रिय संस्था (International Institute for environment and Development) का भूतपूर्व अदक्ष्य श्री वार्वारा वार्डले भनेका थिए कि "दूषित पानीनै मानवीय रोग र दुःखको एउटा कारण हो । यसैले स्वच्छ खानेपानीको व्यवस्था विश्वका सम्पूर्ण देशको आधारभूत आवश्यकता भई पहिलो प्रथामिकता ओगटेको छ ।" सन् १९९० को दशक सम्ममा आ–आफ्ना जनतालाई स्वच्छ खानेपानी र सरसफाईको व्यवस्था गरेको हुनुपर्छ भनी प्रस्ताव राखेको छ । संयुक्तराष्ट्र संघको साधारण सभाले यस प्रस्तावलाई नीतिको रूपमा स्वीकार्‍यो र सन् १९८१-९० को दशकलाई अन्तराष्ट्रिय खानेपानी तथा सरसफाइ दशक मानेको छ । हुन पनि हो स्वच्छ जनशक्ति तयार हुनको लागि शद्ध पिउने पानी र सरसफाईको व्यवस्था हुन पनि नितान्त आवश्यक छ । नेपालका ग्रामीण क्षेत्रमा शुद्ध पिउने पानी लिनको लागि धेरै टाढा टाढा सम्म जानु पर्ने बाध्यता छ । जस्ले समय, श्रमशक्ति पनि बढी खर्च हुन्छ । देशमा रहेका जनताको पानीको मागलाई सरकारले सम्बोधन गर्न सकिरहेको छैन । सरकारले सन् २००० सम्म सबैका लागि स्वास्थ्यको अठोट र खानेपानी तथा सरसफाई दशक (१९८१-९०) कार्यक्रमप्रति भएको बचनबद्धताले खानेपानीको आपूर्ति गर्नु पर्ने बाध्यता भएको छ । शहरी क्षेत्रमा जनसंख्याको चापले गर्दा सरसफाई र ढल निकासको व्यवस्था वर्तमान समय सम्म पनि दिगो किसिमबाट हुन सकेको छैन । त्यस्तै शौचालयको व्यवस्था व्यवस्थित किसिमबाट हुन सकेको छैन । जसले गर्दा देशका काठमाडौं महानगरपालिका जस्ता शहरमा पनि सरूवा एवं संक्रमक रोग र डेङ्गु जस्ता रोगको विगविगी चलिरहेको छ । जसबाट कैयौँ मानिसको मृत्यु भइरहेको छ । यसको साथै नेपालका ग्रामीण क्षेत्रहरूमा पनि सौचालयको व्यवस्था हुन जरूरी छ । धेरै स्थापनामा कञ्चीस्तरको चर्पि मानिसहरूले प्रयोग गरिरहेका छन् । नेपालका शहरी भूभाग एवं काठमाडौंमा Flush-Toilet को प्रयोगले धेरै पानीको खपत भइरहेको छ । जस्को फलस्वरूप जमिनमुनिको पानी सकिदै जासक्ने बेला आउन सक्छ । जमिन भासिन सक्छ । फलस्वरूप जनस्वास्थ्यमा असर पर्छ । वर्तमान समयमा यूरोप, अमेरिकाका ठूला ठूला सहरहरूमा dualflush toilet tark/Vaccum toilet system अपनाइएको पाइन्छ । जसबाट खेर गएको पानीको खपतलाई ३० देखि ४० प्रतिशतलाई घटाइएको पाइन्छ ।

२०७७ असार सम्म आधारभूत खानेपानीको पहुँच पुगेको जनसंख्या ९१.० प्रतिशत रहेकोमा २०७७ फागुनसम्म यस्तो जनसंख्या थप १ लाख ५५ हजार ८ सय ८ जनसंख्या आधारभूत खानेपानीको सुविधाबाट लाभवित भएका छन् । २०७७ असार सम्म २३.० प्रतिशत नागरिकमा उच्च तथा मध्यमस्तरको गुणस्तरीय खानेपानी सेवाको पहुँच पुगेको थियो भने २०७७ फागुनसम्म यस्तो जनसंख्या २३.८ प्रतिशत पुगेको छ । अहिले सरकारले एक घर एक शौचालयको अवधारणा बमोजिम शत प्रतिशत जनसंख्यामा आधारभूतस्तरको सरसफाइको पहुँच पुगेको छ । अझैपनी काठमाडौं महानगरपालिकामा पानीको दैनीक आवश्यकता १८-२० करोड लि. पानी दैनिक छ भने पूर्ति ९करोड लि. होला जस्ले गर्दा पानी उपभोग गर्ने अवस्थामा कमि आएको छ ।

आर्थिक वर्ष २०७७/०७८ को फागुनसम्म विभिन्न खोनपानी तथा सरसफाई कार्यक्रम आयोजना अर्न्तगत थप २ लाख ४७ हजार ३ सय २५ जनसंख्या उच्च तथा मध्यमस्तरको खानेपानी तथा सरसफाई सेवाबाट लाभान्वित भएका छन् । आर्थिक वर्ष २०७६/०७७ मा यस्तो जनसंख्या १ लाख ९० हजार २ सय ९२ रहेको थियो । यस्तै गरेर काठमाडौं उपत्यकाका बासिन्दाहरूलाई शुद्ध पानी उपलब्ध गराउनको लागि मेलम्ची खानेपानी आयोजना सम्पन्न गर्दे पानी प्रशोधन केन्द्रको निर्माण

कार्य सम्पन्न भएकोमा २०७८ को बाढीले गर्दा मेलम्ची पिउने पानीको बाँध फुटेर वाधा उत्पन्न गरायो ।

यो पिउने पानी काठमाण्डौं मा आएपछि काठमाण्डौं मा पानीको हाहाकार धेरै हदसम्म कमि हुन आउँछ । यसरी जति जति जनसंख्याको चाप बढ्दै जान्छ उतिउति पिउने पानी, ढल निकास, फोहोर मैला बढ्दै गएर रोगको प्रकोप पनि व्यापक हुदै जान्छ । यसै सन्दर्भमा हेर्दा नेपालको जनसंख्याको बृद्धिलाई राष्ट्रिय आयमको बृद्धिसँग सन्तुलनमा ल्याउन खानेपानी र सरसफाई कार्यक्रमले अग्रिंम भुमिका खेल्न सक्छ । प्राप्त पानीको स्रोतलाई माग पूर्ति अनुसार सन्तुलन कायम राख्न जनसंख्या नियन्त्रण गरेर मात्र संभव हुनको साथै यथोचित बजेट पनि विनियोजन गर्नुपर्छ ।

## सारांश

नेपाल एशिया महादेशमा अवस्थित एक भूपरिवेष्ठित मूलुक हो । जस्ले एशियामा०.०३ प्रतिशत भू-भाग ओगटेको क्षेत्रफलमा सानो देशनै मानिन्छ । विश्वका विकसित मुलुकहरूको तुलनामा नेपालजस्ता कम विकसित मूलकमा जनसंख्या वृद्धिदर विगतका दशकहरूमा व्यापक किसिमबाट बृद्धि हुदै आइरहेको हुँदा यस्ले यहाँ बसोबास गर्ने मानिसको सामाजिक एवं आर्थिक अवस्थालाईनै प्रभाव पारिरहेको पाईन्छ । फलस्वरूप देशको रोजगारीको अवस्था, साक्षरताको बृद्धि, एवं अन्य आवश्यक पूर्वाधारहरूको व्यवस्था मिलाउन जटिल हुन्छ । विकास मानिस र समाजकालागि अति आवश्यक देखिन्छ । त्यसकारण यसलाई जनसंख्या वृद्धिले प्रभाव पारिरहेको हुन्छ । वर्तमान समयमा आएर जनसंख्याको समस्याको बारेमा चर्चा गरेको होइन यो त प्राचीन समयदेखि चिन्तन मनन् एवं अनुसन्धान हुदै आएको विषय हो । जर्मन अर्थशास्त्री सिसमिल्कले देशको आर्थिक एवं राजनीतिक शक्तिको लागि जनसंख्याको वृद्धिलाई मनासिव ठहर्‍याएको पाइन्छ । जनसंख्या वृद्धिलाई आर्थिक दृष्टिले नियाल्ने प्रथम व्यक्ति माल्थस नै हो । अनियान्त्रित जनसंख्या वृद्धिले शहरी क्षेत्र एवं तराइका विभिन्न प्रदेशहरूमा कृषि भूमिको व्यापक किसिमबाट अतिक्रमण भइरहेको छ । कृषियोग्य भूमीहरूलाई खण्डीकरण गरेर भवन एवं बस्तीहरूको निर्माण एवं उधोग आदिको विस्तार भइरहेको छ । जसको फलस्वरूप कृषि उत्पादन कमि हुन जानको कारण देशमा खाध्यान्नको समस्या बढ्दै जाने अवस्था आएको छ । कृषकहरूको मौसमी रोजगार पनि घट्दै गइरहेको छ । यसरी अनियन्त्रित एवं अवाञ्छनीय जनसंख्या मा वृद्धिबाट परिवारको आधारभूत आवश्यकताहरूको परिपुर्तिमा जटिलता ल्याएको छ । जति नेपाली हरूको संख्या बढ्दै जान्छ उति उनीहरूले पाउने भाग पनि थोरै थोरै हुन्छ । यो भाग कम हुने काम अनियन्त्रित परिवारले गर्दा नै हो । यदि नियोजित किसिमले परिवारको संख्या कम गर्न सकिएको खण्डमा भाग पनि बढ्दै जान्छ । प्रत्येक थप जनसंख्याले खाद्यान्न, पिउने पानी, शिक्षा, स्वास्थ्य, सरसफाई, वातावरण जस्तो सिमित स्रोतमा असर पारिरहेको छ । जुन कुरा हामीले माथिको अध्ययनमा उल्लेख गरेका छौँ । जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार जनसंख्या वद्धिदर १.० प्रतिशत छ भने खाद्यान्नको उत्पादन०.५ प्रतिशतले बढ्दै गएको पाइन्छ । यसले गर्दा प्रतिव्यक्ति प्राप्त हुने खाद्यान्नको क्यालोरिमा कमि भएको पाउछौ । फलस्वरूप देशका जनताहरूलाई खाद्यान्न, फलफुल, दुध, अण्डा, दाल आदिको पूर्ति राम्रोसँग हुन नपाएको खण्डमा कुपोषण बढ्दै जान्छ । मानिस सवस्थ एवं सवल हुन नसकेको अवस्थामा देश एवं समाजको विकासमा समेत बाधा पुग्न जान्छ । यसै अनुरूप नेपालको साक्षरतादर २०६८ को जनगणना अनुसार ६५ प्रतिशत रहेको छ । जनसंख्याको वृद्धिदर अनुरूप यस साक्षरदरलाई पनि

बढाउदै लैजानु जरूरी छ । वर्तमान समयमा आएर त प्रदेश १ र गण्डकी प्रदेशले पूर्ण साक्षर र प्रदेश घोषणा गरिरहेका छन् । अब आउदा वर्षहरूमा नेपाल सरकारले सबै प्रदेशलाई साक्षर बनाउने अभियानमा अगाडि बढेको देखिन्छ । नेपालमा प्राथमिक निम्न माध्यमिक विद्यालयमा विद्यार्थी भर्नाको दर बढेपनी उनीहरूलाई दिने छात्रवृत्ति, सौचालय एवं सरसफाइ र दिवा खाजाको व्यवस्थापन नियमितता देखिदैन । देशमा विश्वविद्यालयको संख्या जम्मा ११ छ देशको कूल जनसंख्या प्रति विश्वविद्यालय २०-२२ लाख जनसंख्या पर्दछन् ताकि सार्क राष्ट्रहरूका जनता सामु वा भारतमा प्रति विश्वविद्यालय १०-१२ लाख जनसंख्या पर्दछन् । यसरी जनसंख्या बढे अनुरूप विश्वविद्यालयको संख्यामा पनि वृद्धि गर्नु आवश्यक छ । फलस्वरूप राष्ट्रलाई व्याय भार बढ्दै जान्छ । खानेपानी तथा ढल निकास एवं सरसफाइको अवस्था शहरी क्षेत्रमा नाजुक अवस्था छ । यहाँ खानेपानीको आपूर्तिको समस्या निकै छ । काठमाण्डौं उपत्यकामा १ दिनमा लगभग १७-१८ करोड लि. पानीको आवश्यकता पर्छ तर यहाँ दैनीक ९करोड लि. पानीको पूर्ति भइरहेको छ । जसले गर्दा पानीको हाहाकार भइरहेको पाइन्छ । दिर्घकालीन नीतिका रूपमा भविष्यमा वृद्धि हुने जनसंख्या तथा शहरी एवं ग्रामीण विस्तारलाई सुनियोचित रूपमा सामाजिक सेवा उपलब्ध गराउन सरकार सक्षम हुन जरूरी देखिन्छ ।

## सन्दर्भ सामग्री

CBS.(1999). Statistical year Book of Nepal, HMG/NPC, Central Bureau of statistics.

Central Bureau of Statistics (2012). National Population and Housing Census 2011. Kathmandu: Central Bareau of Statistics.

शिक्षा तथा मानव स्रोत केन्द्र २०७७

CBS (2011) Nepal Living Standards Survey, Kathmandu:CBS

राष्ट्रिय योजना आयोग- छैटौ पञ्चवर्षिय योजना

राष्ट्रिय योजना आयोग- सातौं पञ्चवर्षिय योजना

राष्ट्रिय योजना आयोग- चौधौं पञ्चवर्षिय योजना

राष्ट्रिय योजना आयोग- पन्ध्रौ पञ्चवर्षिय योजना

प्रारम्भिक जनगणना (२०७८) को प्रतिवेदन

राम स्वार्थ झा - नेपालको आर्थिक तथा सामाजिक विकासमा बढ्दो जनसंख्याको असर राष्ट्रिय जनसंख्या आयोगको सचिवालय सिंहदरबार काठमाण्डौं नेपाल असार ८-९२०४५ ।

विश्व बैंक (१९८७) वर्ल्ड डेभलपमेन्ट रिपोर्ट ।